# संविधानसभा बैठक र सरकार गठन प्रकृया शुरु

# (पुष १७-माघ १७, २०७०)

**भुवन केसी/तिलक पाठक**

**प्रकाशित मितिः माघ २२, २०७० (Feb 5, 2014)**

राजनीतिक दलहरुले समानुपातिकतर्फका सभासद्हरु चयन गरी त्यसको सूची निर्वाचन आयोगमा बुझाएपछि संविधानसभाको पहिलो बैठक मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र राष्ट्रपति रामवरण यादवमध्ये कसले बोलाउने भन्नेमा विवाद देखियो । लामो समयको छिनाझपटिपछि अन्ततः मन्त्रिपरिषद्का अध्यक्षले नै संविधानसभाको बैठक बोलाए । मुख्य राजनीतिक दलहरुले संविधानसभाको बैठकबाट अघिल्लो संविधानसभाले गरेका निर्णयको स्वामित्व लिने प्रयास गरेपनि संविधानसभामा रहेका दलहरुबीच राजनीति सहमति नहुँदा सो प्रस्ताव संविधानसभामा प्रवेश हुन सकेन ।

संविधानसभाभन्दा पछि बसेको व्यवस्थापिका संसदको बैठकबाट सरकार गठन प्रक्रिया अघित बढ्यो । तर, कसको नेतृत्वमा सरकार गठन हुने निश्चित हुन सकेन । समानुपातिक सभासद्हरुको चयनका कारण प्रायः सबैजसो दलमा आन्तरिक रुपमा विवाद र असन्तुष्टी देखियो । सरकार गठनमा ढिलाइ र पार्टीभित्रको विवादका कारण राजनीतिक दलका नेताहरुले एक वर्षभित्रमा संविधान बनाउने प्रतिवद्धता व्यक्त गरेपनि संविधान निर्माणका काम धमाधम हुन सकेनन् । बरू, दलहरुबीचको विवाद र पार्टीभित्रको विवादले प्रक्रिया लम्बिदै गयो ।

## मन्त्रिपरिषद् अध्यक्ष नै अघि

प्रत्यक्ष र समानुपातिकतर्फको मतगणना र सभासदको चयनपछि निर्वाचन आयोगले त्यसको जानकारी राष्ट्रपति र संसद सचिवालयलाई गरायो । अन्तरिम संविधानमा निर्वाचन आयोगले मत परिणाम सार्वजनिक गरेको २१ दिनभित्र संविधानसभाको पहिलो बैठक बस्ने व्यवस्था भएपनि पहिलो बैठक बोलाउनेबारे राष्ट्रपति यादव र मन्त्रिपरिषद् अध्यक्ष रेग्मीबीच विवाद देखा पर्‍यो । संविधानसभाको पहिलो बैठक राष्ट्रपतिले बोलाउन चाहान्थे । त्यसको वातावरण बनाउन राष्ट्रपतिले मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीदेखि संविधानसभामा रहेका दलका नेताहरुसँग श्रृखलावद्ध रुपमा परामर्श गरे ।[1] 'रेग्मीले संविधानको प्राविधिक त्रुटी

[1] राष्ट्रपति यादवले काँग्रेस सभापति सुशील कोइराला, एमाले अध्यक्ष झलनाथ खनाल, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष सूर्यबहादुर थापा, मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार, तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेकपा मालेका महासचिव सीपी मैनाली, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेकपा संयुक्तका अध्यक्ष चन्द्रदेव जोशी, मधेशी जनअधिकार

सच्चाउन बाधा अडकाउ फुकाउन आदेश सिफारिस गर्न आलटाल गरेपछि राष्ट्रपतिले दलका नेताहरुलाई बोलाएर सचेत गराए ।'[2]

राष्ट्रपति यादवले  अन्तर्राष्ट्रिय अभ्यास, संवैधानिक प्रचलन, मूल्य मान्यताअनुसार पनि आफूले संविधानसभाको बैठक बोलाउनुपर्ने प्रस्ताव गरे । उनले त्यसका लागि मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीलाई 'अन्तरिम संविधानको बाधा अडकाउ फुकाउ आदेश संशोधनको सिफारिस गरी राष्ट्राध्यक्षका नाताले आफूलाई नै संविधानसभाको पहिलो बैठक बोलाउन दिन'[3] दबाब दिएका थिए । राष्ट्रपतिको प्रस्तावप्रति कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताले समर्थन गरे । उनीहरु राष्ट्रपतिले नै संविधानसभाको बैठक बोलाउनुपर्ने पक्षमा देखिए । एमाले त्यसको विपक्षमा उभियो । संविधानमा जे प्रावधान छ, सोही अनुसार हुनुपर्ने एमालेको तर्क थियो । सँगसँगै राष्ट्रपतिको कुरा पनि टुंगो लगाउने पक्षमा एमाले थियो । 'बैठक आह्वानको मुद्दा उठदा अन्तर्राष्ट्रिय अभ्यास हेर्ने तर राष्ट्रपतिको निर्वाचन गरौ भन्दा संविधानमात्र हेर्ने र अन्तर्राष्ट्रिय अभ्यास नहेर्ने तर्क नमिलेको एमालेको धारणा थियो ।'[4]

शक्ति बाँडफाँडमा देखिएको विवादका कारण संविधानसभाको पहिलो वैठक कसले बोलाउने भन्ने विषयमा काँग्रेस र एमालेबीच फरक-फरक धारणा आएको हो । एमालेले पहिलेको राष्ट्रपतिबाट संविधानसभाको बैठक बोलाएर उनलाई पहिचान दिन चाहेको थिएन । र, यही मौकामा राष्ट्रपतिको निर्वाचनसहित काँग्रेससँग शक्ति बाँडफाँडमा सहमति गर्न चाहान्थ्यो । उता, काँग्रेस भने राष्ट्रपतिबाट संविधानसभाको बैठक बोलाउने र एक वर्षसम्म राष्ट्रपतिको निर्वाचनबारे छलफल समेत गर्ने पक्षमा थिएन । काँग्रेसको समर्थन पाएपछि राष्ट्रपति आफ्नो अनुकुल माहोल बनाउन सक्रिय भए । तर, त्यसप्रति एमालेले आपत्ति जनायो । एमाले प्रचार विभाग प्रमुख प्रदीप ज्ञवालीले 'जनादेशअनुसार राष्ट्रपति नविकरण हुनुपर्छ भन्ने विषयमा आफै रुची राख्नु ठीक हुँदैन'[5] भने ।

एमाओवादीले पनि राष्ट्रपतिको नयाँ निर्वाचन हुनुपर्नेमा जोड दियो । 'नयाँ संविधानको गठन भएको स्थितिमा राष्ट्रपति र उपराष्ट्रपतिको नयाँ निर्वाचन गर्नु, राजनीतिक, संवैधानिक, लोकतान्त्रिक विधि र नैतिकताका सबै दृष्टिले आवश्यक र उपयुक्त हुन्छ'[6]-एमाओवादी

---

फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव, तराई मधेश सद्भावना पार्टीका अध्यक्ष महेन्द्रराय यादव, संघीय समाजवादी पार्टीका अध्यक्ष अशोक राई लगायतसँग वार्ता गरे ।

[2] पोखरेल, किरण । पुस १८, २०७० । विदेशी अभ्यास हेर्न राष्ट्रपतिको सुझाव । अन्नपूर्ण पोष्ट, पृ. १ ।

[3] बानियाँ, बलराम । पुस १९, २०७० । बैठक आह्वानबारे अन्योल बढ्दो । कान्तिपुर,  पृ. १ ।

[4] न्यौपाने, कुलचन्द्र, बिसी, गंगा । पुस २१, कुरा नमिलेपछि अदालतलाई जिम्मा । कान्तिपुर, पृ.१ ।

[5] राष्ट्रपतिका गतिविधिबाट एमाले असन्तुष्ट  । पुस २३, २०७० । कान्तिपुर, पृ. १ ।

[6] बीसी, गंगा  । माघ ३, २०७० । राष्ट्रपतिको नयाँ निर्वाचन : एमाओवादी । कान्तिपुर, पृ. १  ।

अध्यक्ष दाहालले राजनीतिक प्रतिवेदनमा उल्लेख गरेका थिए । पहिलो बैठकबारे विवाद जारी रहेका बेला त्यसको समाधान खोज्न भन्दै काँग्रेस, एमाले र एमाओवादीका शीर्ष नेताहरुसँगै बसे । विषयमा एकमत हुन नसकेपछि उनीहरु 'अदालतको निर्णय पर्खने निष्कर्षमा'[7] पुगे ।

अन्तरिम संविधानमा संविधानसभाको पहिलो बैठक प्रधानमन्त्रीले बोलाउने उल्लेख थियो । अन्तरिम संविधानको धारा ६९ को उपधारा १ मा 'संविधानसभाका सदस्यहरूको अन्तिम निर्वाचन परिणाम निर्वाचन आयोगले सार्वजनिक गरेको एक्काइस दिनभित्र प्रधानमन्त्रीले आह्वान गरे बमोजिम संविधानसभाको पहिलो बैठक बस्ने छ । र, त्यसपछिका बैठक संविधानसभाको अध्यक्षता गर्ने व्यक्तिले तोकेको मिति र स्थानमा बस्नेछ' भन्ने आधारलाई मन्त्रिपरिषद्का अध्यक्षले आधार बनाएर आफैले बैठक बोलाउने पक्षमा थिए ।

राष्ट्रपतिले संविधानसभाको पहिलो बैठक बोलाउन व्यवस्था गर्नका लागि संविधान संशोधन गर्नुपर्ने थियो । राजनीतिक दलहरुबीच सहमति भई उनीहरुले संविधान संशोधनका लागि सरकारलाई आग्रह गरेको भए संविधान संशोधनको प्रस्ताव अघि बढाउन सरकार बाध्य हुन सक्थ्यो । तर, राजनीतिक दलहरुबीच सहमति नभएपछि सरकारले संवैधानिक प्रावधान अनुसार अघि बढनेमा जोड दियो ।

यसबीचमा मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले संविधानसभाको पहिलो बैठक आह्वान गर्नुपर्ने भन्दै सर्वोच्च अदालतमा रिट पर्‍यो । अधिवक्ता मुकुन्द अधिकारीले दायर गरेको रिटमा भनिएको थियो, 'अन्तरिम संविधानको धारा ६९ यथावतै रहेको अवस्थामा संविधानसभाको पहिलो बैठक आह्वान गर्ने हो भने प्रधानमन्त्रीको हैसियतमा रहेका अन्तरिम मन्त्रिपरिषद्का अध्यक्षबाट नै संविधानसभाको पहिलो बैठक आह्वान गराउनु भनी परामादेश आदेश जारी गरि पाउँ ।[8]

दायर गरिएको रिटलाई सर्वोच्च अदालतका न्यायाधीश प्रकाश वस्तीको एकल इजलासले विशेष इजलासमा पठाइदियो । तर, अदालतको फैसला आउनुअघि नै मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले संविधानसभाको बैठक आफूले बोलाउनका लागि तयारी गरे । उनले राष्ट्रपति रामवरण यादवसँग पनि यसबारे परामर्श गरे । त्यसपछि राष्ट्रपतिले 'संविधानसभाको बैठक बोलाउँदा अन्तरिम संविधानकाको भावना, संवैधानिक व्यवस्था, विगतको राष्ट्रिय अभ्यास तथा अन्तर्राष्ट्रिय संवैधानिक प्रचलनलाई समेत मनन गर्न आग्रह गरेका थिए ।[9] राष्ट्रपतिको

---

[7] न्यौपाने, कुलचन्द्र, बिसी, गंगा । पुस २१, कुरा नमिलेपछि अदालतलाई जिम्मा । कान्तिपुर, पृ.१ ।

[8]अध्यक्षबाटै बैठक बोलाउन रिट । पुस १८, २०७० । गोरखापत्र पृ.१ ।

[9] "सम्माननीयराष्ट्रपति समक्ष निर्वाचन आयोगबाट संविधानसभा सदस्य निर्वाचनको प्रत्यक्ष र समानुपातिक तर्फको नतिजा मिति २०७०/०९/१८ गते पेश भएको र निर्वाचन आयोगले अन्तिम निर्वाचन परिणाम सार्वजनिक गरेको २१ दिन मित्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६९ मा संविधानसभाको आह्वानित बैठक बस्ने व्यवस्था रहनुका साथै उक्त संविधानको धारा १५६ बमोजिम मिति २०६९/१२/१ गते जारी भएको बाधा अड्काउ फुकाउने आदेश व्यवस्थापिका-संसदको बैठक बसेको एक महिना भित्र अनुमोदन गराई पूर्णता समेत दिनु परेका् यथार्थता एवं

आसय आफूले संविधानसभाको बैठक बोलाउने व्यवस्था नभए राष्ट्रपतिको आग्रहअनुसार बैठक आयोजना गरिएको उल्लेख हुनुपर्ने थियो । तर, त्यसलाई वास्तै नगरी संविधानको प्रावधानअनुसार पुस २७ गते प्रधानमन्त्रीले संविधानसभाको बैठक आह्वान गरे ।[10] त्यसपछि सर्वोच्च अदालतले संविधानसभाको पहिलो बैठक राष्ट्रपति वा मन्त्रिपरिषद्का अध्यक्षले बोलाउने भन्ने विवादमा परेका दुई रिटको तामेली र खारेज हुने फैसला गर्‍यो । त्यसबाट संविधानसभाको पहिलो बैठक कसले बोलाउने भन्ने विवाद सामसमु हुन पुग्यो । सरकार र राष्ट्रपतिको शक्ति संघर्षमा सरकारले बाजी मार्‍यो । अनि संविधानसभाको बैठकका लागि तयारी शुरु भए । ज्येष्ठ सदस्यको हैसियतमा राष्ट्रपति यादवले सभासद् सूर्यबहादुर थापालाई सपथ खुवाए । त्यसको अर्को दिन थापाबाट संविधानसभाका अरु सदस्यहरुले सपथ लिए । माघ ८ गते संविधानसभाको पहिलो बैठक बस्यो ।

काँग्रेस र एमालेले संविधानसभाको पहिलो बैठकबाट अघिल्लो संविधानबाट भएका सहमतिहरुको स्वामित्व लिने उल्लेख गरेपनि पहिलो बैठकमा स्वामित्व लिने काम भएन । त्यसपछि एकसाता पछिका लागि संविधानसभाको दोस्रो बैठकको मिति तोकियो । काँग्रेस, एमाले र एमाओवादीले अघिल्लो संविधानसभाले संविधान निर्माणसम्बन्धी गरेका कामको स्वामित्व लिने प्रस्ताव बैठकमा पेश गर्ने तयारी गरे । त्यसका लागि उनीहरुले कार्यदल गठन गरे । तर, राप्रपा नेपाल, राष्ट्रिय जनमोर्चा नेपालका लगायतका दलहरुले विरोध गरेकाले स्वामित्व लिने प्रस्ताव संविधानसभाको दोस्रो बैठकमा पेश हुन सकेन । 'राप्रपा नेपाल र राष्ट्रिय जनमोर्चा नेपालसहितका साना दलहरुले अलग-अलग विषयमा गरेको तीव्र विरोधका कारण तीन दलले उक्त प्रस्तावलाई तत्काल संविधानसभाको कार्यसूची बनाउन सकेनन् ।'[11]

राप्रपा नेपालले नयाँ संविधानसभा आएकाले नयाँ जनादेशअनुसार नै जानुपर्नेमा जोड दियो । उसको मुख्य आपत्ति संघीय लोकतान्त्रिक गणतन्त्र र धर्म निरपेक्ष राज्य थियो । उता, राष्ट्रिय जनमोर्चाले भने संघीय लोकतान्त्रिक गणतन्त्रप्रति असन्तुष्टि व्यक्त गरेको थियो ।

---

नेपालको अन्तरिम संविधानको भावना, संवैधानिक व्यवस्था, विगतको राष्ट्रिय संवैधानिक अभ्यास तथा अन्तर्राष्ट्रिय संवैधानिक प्रचलनलाई समेत मनन् गर्दै यथाशिघ्र संविधानको पहिलो बैठक आह्वान गर्ने आवश्यक व्यवस्था मिलाउन नेपालको अन्तरिम संविधान, २०६३ को धारा क. मा अन्तर्निहित भावना मुताविक सम्मानीय राष्ट्रिपतिबाट अन्तरिम चुनावी मन्त्रिपरिषद्का सम्मानीय अध्यक्षको ध्यानाकर्षण गराउने''-राष्ट्रपति कार्यालयबाट २०६९ साल पुष २७ गते जारी प्रेस विज्ञप्ति ।

[10] नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६९ को उपधारा (१) बमोजिम संविधान सभाका सदस्यहरुको अन्तिम निर्वाचन परिणाम निर्वाचन आयोगले सार्वजनिक गरेको एक्काइस दिनभित्र प्रधानमन्त्रीले आह्वान गरे बमोजिम संविधान सभाको पहिलो बैठक बस्ने व्यवस्था भएअनुरुप मन्त्रिपरिषद्का सम्माननीय अध्यक्षज्यूले संविधान सभाको पहिलो बैठक २०७० साल माघ ८ गते बुधबार अपरान्ह ३:०० (तीन) बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर काठमाडौंमा बस्ने गरी आह्वान गर्नुभएको छ -मन्त्रिपरिषद्का अध्यक्षका प्रेस सल्लाहकारद्वारा २०६९ साल पुष २७ गते जारी प्रेस विज्ञप्ति ।

[11] फुयाल, राजेन्द्र । माघ १६, २०७० । तनि दलको प्रस्ताव अवरुद्ध । कान्तिपुर, पृ. १ ।

त्यसो त जनमोर्चाले विगतदेखी नै संघीयताको विरोध गर्दै आएको थियो । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनबारे पनि दलहरुबीच विवाद नै थियो । अदालतमा मुद्दा परेकाले त्यसको फैसला के आउँछ भन्ने जिज्ञासा थियो । राष्ट्रपति र उपराष्ट्रपतिको पदावधिबारे परेको रिटलाई केही गर्नुपर्ने भए व्यवस्थापिका संसदबाट हुने भन्दै सर्वोच्च अदालतले खारेज गरिदियो ।[12] अदालतले रिटको विषय राजनीतिक प्रकृतिको भएकाले आफ्नो क्षेत्राधिकारमा नपर्ने र राष्ट्रपतिको पदावधि तोक्ने काम संसदको नै रहेको भनेर त्यसबाट पन्छियो । त्यसपछि पनि एमालेका नेताहरुले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनलाई जोडतोडका साथ अघि बढाए । त्यसमा एमाओवादीको पनि भनाइ मिलेको थियो । संविधानसभाको बैठकमा पनि एमाले र एमाओवादीले त्यसलाई संस्थागत रुपमा उठाए । एमालेले व्यवस्थापिका संसदको बैठकमा समेत राष्ट्रपति फेर्ने मुद्दालाई प्राथमिकता साथ उठायो । एमाले अध्यक्ष झलनाथ खनालले संविधान निर्माणको काम समयमा सक्न संसदबाट राष्ट्रपति, उपराष्ट्रपति, सरकारको मुद्दा टुंग्याउनुपर्छ भनेका थिए ।[13] स्थायी समितिको बैठकपछि एमाले सचिव विष्णु पौडेलले भनेका थिए, 'राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन हुनुपर्नेमा अझै दृढताका साथ उभिने निर्णय गरिएको छ ।'[14]

## व्यवस्थापिका संसद र सरकार गठनमा सक्रियता

कुनै पनि राजनीतिक दलको बहुमत नभएकाले सरकारको नेतृत्व र गठनको स्वरुपबारे प्रष्ट तस्वीर थिएन । तर, संविधानसभा निर्वाचनबाट काँग्रेस सबैभन्दा ठूलो दल भएकाले उसको नेतृत्वमा सरकार गठन गर्नुपर्छ भन्ने आवाज सशक्त थियो । एमाले, माओवादी लगायतका

---

[12] वर्तमान अवस्थामा कायम रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६ ग अनुसार राष्ट्रपतिको पदावधि संविधानसभाबाट जारी हुने संविधान प्रारम्भ नभएसम्मको लागि हुनेछ र धारा ३६ झ को व्यवस्था अनुसार उप-राष्ट्रपतिको पदावधि सम्बन्धी व्यवस्था समेत राष्ट्रपतिको सरह हुनेछ भनी स्पष्ट भनिएको पाइन्छ । संविधानको सो स्पष्ट व्यवस्था अनुसार संविधानसभाबाट जारी हुने संविधान प्रारम्भ नभएसम्मको लागि राष्ट्रपति एवं उप-राष्ट्रपतिको पदावधि रहने कुरामा विवाद गरी रहनु पर्ने देखिदैन । जहाँसम्म राष्ट्रपति एव्र उप-राष्ट्रपतिले राजीनामा दिनुपर्ने निवेदन दाबी छ, सो सम्बन्धमा, अदालतको आदेशबाट बाध्य गराउनुपर्ने कुरा संविधान एवं न्यायसंगत हुन सक्दैन । मिति २०७०/०८ /०४ गते सम्पन्न भएको संविधानसभाको निर्वाचनबाट वर्तमान संविधानको गठन भएको र सोही संविधानसभाले धारा ८३ (१) बमोजिम व्यवस्थापिका संसद समेतको काम गर्ने भनी व्यवस्था भइरहेको र व्यवस्थापिका संसदले स्वयं औचित्व एवं आवश्यकतालाई विचार गरी संवैधानिक सिद्धान्तहरुलाई मध्यनजर राखी धारा १४८ को व्यवस्था अनुसार संविधानमा संशोधन समेत गर्न सक्ने हुँदा रिट निवेदकले दाबी गरेका राजनैतिक प्रश्नहरु सम्बन्धमा व्यवस्थापिका संसद हुँदाहुँदै यस अदालतले आफ्नो अधिकार क्षेत्र ग्रहण गरी हस्तक्षेप गर्नु र सो सम्बन्धमा कुनै निर्णय प्रदान गर्नु औचित्यपूर्ण हुँदैन । अत : निवेदन माग बमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था नुहँदा उल्लिखित पदाधिकारी एवं कार्यालयहरुबाट लिखित जवाफ समेत मगाई रहनु परेन । निवेदन दाबी खारेज हुने ठहर्छ (२०७० साल माघ ९ गते सर्वोच्च अदालतले जारी गरेको उत्प्रेषण) ।

[13] अधिकारी, सरोजराज । माघ १३, २०७० । राष्ट्रपति फेर्ने मुद्दा संसदमा । कान्तिपुर, पृ. १ ।

[14] एमाले राष्ट्रपति निर्वाचनकै अडानमा । माघ १५, २०७० । कान्तिपुर, पृ. १ ।

दलहरुले ठूलो पार्टीका नाताले सरकार गठनको लागि सक्रियता लिन काँग्रेस नेतृत्वलाई आग्रह गरेका थिए । काँग्रेस सभापति सुशील कोइरालाले सोही अनुसार प्रयत्न पनि गरे । यस क्रममा उनले एमालेका वरिष्ठ नेता माधवकुमार नेपालसँग छलफल गरे । कोइरालाले आफ्नो पक्षमा राष्ट्रिय र अन्तर्राष्ट्रिय माहोल बनेको दाबी गरे । त्यसैबेला काँग्रेस संसदीय दलमा वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभापति रामचन्द्र पौडेलले पनि दाबी गरे । देउवाले सबैलाई समन्वय गरेर लैजान सक्ने क्षमता आफूसँग भएको दाबी गरेका थिए भने पहिले १७ पटकसम्म प्रधानमन्त्री पदका लागि प्रतिस्पर्धा गरेका पौडेलले 'अहिलेको चूनौती सामना गर्न मलाई दिनुहोस्'[15] भनेका थिए । सभापति कोइराला प्रधानमन्त्री हुने हो भने आफूले कार्यवहाक सभापति पाउनुपर्ने देउवाको जिकीर थियो ।

तर, यसपटक कोइराला अरुलाई छोडने भन्दा आफैले सरकारको पनि नेतृत्व लिने पक्षमा देखिए । त्यसैले उनी देउवालाई कार्यवहाक दिन पनि तयार भएनन् र पौडेललाई प्रधानमन्त्री दिन पनि तयार देखिएनन् । त्यसपछि काँग्रेसमा गुटबन्दी निकै बढ्यो । देउवा पक्षले आफू समर्थकको छुट्टै भेला गऱ्यो भने कोइराला पक्ष पनि आफ्नो पक्षमा माहोल तयार पार्न सक्रिय भयो । सहमतिका सम्भावना क्षीण हुँदै गएपछि काँग्रेस संसदीय समितिले संसदीय दलको नेता चयनका लागि प्रवक्ता दिलेन्द्रप्रसाद बडुको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गऱ्यो ।

गणीतीय हिसाबले पौडेल आफै संसदीय दलको नेतामा निर्वाचित हुन सम्भव थिएन । उनलाई कि त सभापति कोइरालाको समर्थन चाहिन्थ्यो कि त वरिष्ठ नेता देउवाको । कुनै पनि पक्षबाट उनले समर्थन पाउन सक्ने अवस्था रहेन । त्यसपछि संसदीय दलको नेतामा कोइराला चयन हुने कि देउवा भन्नेमा उनी निर्णायक हुन पुगे । संसदीय दलको नेता हुनुअघि उनले कोइरालालाई समर्थन गर्ने बताए । कोइराला र पौडेलबीच अनौपचारिक सहमति भएको थियो जसमा सभापति कोइरालाले संविधान जारी गर्ने एक वर्षको अवधि सरकारको नेतृत्व गर्ने, त्यतिञ्जेल पौडेललाई कार्यवाहक सभापति दिने, कोइरालाले सरकारबाट राजीनामा दिएपछि देउवा र पौडेलबीचको आपसी समझदारीमा सरकारको नेतृत्व हस्तान्तरण गर्ने लगायतका थिए ।[16]

त्यसपछि कोइरालाको पक्षमा माहोल बन्यो । माघ १२ गते काँग्रेस संसदीय दलका नेताका लागि भएको निर्वाचनमा कोइरालाको पक्षमा एक सय पाँच र देउवाको पक्षमा ८९ मत पऱ्यो । निर्वाचित भएपछि कोइरालाले सबैलाई मिलाएर पार्टीलाई एकताबद्ध गरेर अघि बढने र आफ्नो ध्यान सहमतीय सरकार र संविधान निर्माणमा केन्द्रीत हुने बताए ।[17] काँग्रेसको

---

[15] न्यौपाने, कुलचन्द्र । पुस २५, २०७० । काँग्रेसबाट प्रधानमन्त्री बन्न तीन नेता अग्रसर । कान्तिपुर, पृ.१ ।

[16] पौडेलले किन छाडे ? माघ १२, २०७० । कान्तिपुर, पृ. १ ।

[17] २०६९ साल माघ १२ गते नेपाली काँग्रेसले जारी गरेको प्रेस विज्ञप्ति ।

विवाद सेलाउन नपाउँदै संसदीय दलको नेता चयनबारे एमालेमा पनि विवाद शुरु भयो । पार्टी अध्यक्ष नै संसदीय दलको नेता हुने परम्परा रहेपनि यसपटक स्थायी समिति सदस्य केपी शर्मा ओलीले संसदीय दलको पद ताके । संसदीय दलको नेताबारे सहमति हुन नसकेपछि निर्वाचन गर्ने निर्णय गरियो । संसदीय दलका नेतामा ओली र अध्यक्ष झलनाथ खनालले दाबी गरेका थिए ।

सरकार गठनबारे एमाले र माओवादीबीच वार्ता भएको थियो भने राष्ट्रपति रामवरण यादवले पनि काँग्रेस, एमाले, एकीकृत नेकपा माओवादीसँग भेटघाट गरेका थिए । त्यतिबेला नेताहरुले संविधानसभाको बैठक, सरकार गठन तथा संविधान निर्माण प्रक्रियामा मिलेर अघि बढने प्रतिवद्धता जनाएका थिए । संविधानसभामा प्रतिनिधित्व गर्ने दलहरुसँग चियापान कार्यक्रम राखी राष्ट्रपति यादवले भने, 'आगामी एक वर्षभित्रमा नयाँ संविधान जारी गर्ने तथा स्थानीय निकायको निर्वाचन गर्ने भनी चुनावका बेला आम मतदाता सामू गरेको वचनबद्धतालाई विशेष रुपमा सम्झन नयाँ संविधानसभामा प्रतिनिधित्व गर्ने दलहरुसँग मेरो आग्रह छ ।'[18] उता, सरकारले पनि व्यवस्थापिका संसदको बैठक बोलाउनका लागि राष्ट्रिपति समक्ष सिफारिस गर्‍यो । संविधानसभाको पहिलो बैठक बसेकै दिन माघ १२ गते राष्ट्रपतिले एक साताभित्र राष्ट्रिय सहमतिको सरकार गठनका लागि राजनीतिक दलहरुलाई आह्वान गरे ।[19]

संसदीय दलको नेता निर्वाचित र राष्ट्रपतिले सर्वदलिय सरकार गठनको आह्वान गरे लगत्तै सरकार गठनमा सहयोगको आग्रह गर्दै काँग्रेसले एमालेलाई पत्र पठायो । त्यसपछि संविधानसभामा रहेका दलहरुसँग सर्वदलिय बैठक राख्यो । काँग्रेसले बोलाएको बैठकमा एमाओवादी, राप्रपा नेपाल र फोरम नेपालले आफूहरुले प्रतिपक्षमा बस्ने घोषणा गरे जसले गर्दा सर्वदलिय सहमतिको सरकार गठन असम्भव प्रायः भयो । काँग्रेसले तत्काल एमालेलाई पनि विश्वासमा लिन सकेन ।

## समानुपातिक निर्वाचन र पार्टीहरुमा विवाद

---

[18] राष्ट्रपति रामवरण यादवले २०७० साल पुष २३ गते चियापान कार्यक्रममा वाचन गरेको मन्तव्य ।

[19] सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम संविधानसभाको नयाँ निर्वाचन सम्पन्न गर्ने प्रयोजनका लागि सम्वत् २०६९ साल चैत्र १ गतेका दिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ बमोजिम बाधा अड्काउ फुकाउनका लागि आदेश जारी भएअनुसार संविधानको धारा ३८ बमोजिम चुनावी अन्तरिम मन्त्रिपरिषद्को गठन भइ सम्वत् २०७० साल मंसिर ४ गते संविधानसभाको निर्वाचन सम्पन्न भई हाल संविधानसभाको बैठक र व्यवस्थापिका-संसदको अधिवेशन समेत प्रारम्भ भइसकेको अवस्था रहेकाले राजनीतिक सहमतिका आधारमा नवनिर्वाचित संविधानसभामा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरुको सरकार अबिलम्ब गठन गर्न वाञ्छनीय भएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (१) बमोजिम सम्वत् २०७० साल माघ २१ गतेसम्ममा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुलाई आह्वान गर्नुभएकाले यो विज्ञप्ति प्रकाशत गरिएको छ- २०७० साल माघ १२ गते राष्ट्रपति कार्यालयबाट जारी प्रेस विज्ञप्ति ।

संघीय समाजवादी पार्टी र मधेशी जनअधिकार फोरम नेपालले निर्धारित समयभन्दा पछि मात्र समानुपातिकको सूची निर्वाचन आयोगमा बुझाए । पार्टीभित्र विवाद भएकाले उनीहरुले पछि सूची बुझाएका हुन् । सूची बुझाएपछि संघीय समाजवादीभित्रको विवाद साम्य भए जस्तो देखिएपनि फोरम गणतान्त्रिक, राप्रपा नेपाल, एमाओवादी, काँग्रेस लगायतका दलहरुमा विवाद झन विवाद भयो । सूचीबारे विवाद बढ्दै गएपछि पार्टी विभाजन गर्न खोजको भन्दै राप्रपाले पाँच जना केन्द्रीय नेतालाई पार्टीबाट निष्काशन गऱ्यो ।[20] पार्टी पदाधिकारी र पार्टीमा योगदान पुऱ्याएकालाई भन्दा पैसावालालाई प्राथमिकतामा राखेर सूची बुझाएको भन्दै फोरम गणतान्त्रिकका वरिष्ठ उपाध्यक्ष रामेश्वर राय यादव, उपाध्यक्षहरु मोहम्मद नसिर सिद्धिकि, गोविन्द चौधरी लगायतले निर्वाचन आयोगमा उजुरी दिए ।[21]

एमाओवादीमा पनि समानुपातिकतर्फको सूचीप्रति असन्तुष्टि जनाउँदै बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठले संयुक्त रुपमा पार्टी अध्यक्ष पुष्पकमल दाहाललाई लिखितपत्र बुझाए । भट्टराई र श्रेष्ठले समानुपातिक सभासद चयन गर्दा केन्द्रीय कमिटीको मापदण्ड मिचिएको, २० जिल्ला प्रतिनिधिविहिन बनेको, सहीद वेपत्ता परिवार, घाइते, अपाङलाई प्राथमिकतामा नपारिएको, आन्दोलनमा योगदान नभएका र चुनावमा अर्न्तघात गर्ने तथा निष्क्रिय बस्ने छनोटमा परेको, फरक मतको सम्मान भएको लगायतका आरोप लगाएका थिए ।

उनीहरुले समानुपातिकतर्फ निर्वाचन आयोगलाई बुझाएको सूची सच्याउन अध्यक्ष दाहाललाई अल्टीमेटम दिए । 'सूची नसच्चाए परिणाम नराम्रो हुने उनीहरुको चेतावनीसँगै एमाआवादीभित्रको विवाद उत्कर्षमा'[22] पुग्यो । पार्टीमा विवाद झन् बढ्यो । दाहाल पक्षले भट्टराईले पार्टी विभाजन गर्न लागेको आरोप लगायो । तर भट्टराइले भने त्यसको प्रतिवाद गरिरहे । 'आफूहरुले राखेका असहमति फुटका लागि नभएर पार्टी रुपान्तरणका लागि भएको'[23] भट्टराईको जिकिर थियो । भट्टराईले वैचारिक, राजनीतिक तथा सांगठनकि बहस चलाउँदा षडयन्त्रअनुसार विषयान्तर गर्न खोजिएको भन्दै आपत्ति जनाए । भट्टराई अध्यक्ष दाहालप्रति आक्रामक रुपमा प्रस्तुत हुँदै 'निर्वाचनको पराजयको जिम्मा सोपान (मर्यादाक्रम) अनुसार अध्यक्ष पुष्पकमल दाहालले सबैभन्दा बढी लिनुपर्ने'[24] बताए । उनले 'आफूलाई संसदीय दलको नेता बनाउन'[25] अध्यक्ष दाहालसमक्ष प्रस्ताव पनि राखे ।

---

[20] राप्रपा नेपालले पुष २१ गते पत्रकार सम्मेलन गरी बालकृष्ण न्यौपाने, श्याम तिमिल्सिना, गणेश शेरचन, शास्त्रदत्त पन्त र बद्रीबहादुर कार्कीलाई निष्कासन गरेको जानकारी दिएको हो ।

[21] सूची सच्याउन उजुरी । पुस १८, २०७० । कान्तिपुर, पृ. ३ ।

[22] अधिकारी, सरोजराज । पुस १८, २०७० । भट्टराई र श्रेष्ठद्वारा दाहाललाई अल्टिमेटम । कान्तिपुर, पृ. १ ।

[23] फुट होइन रुपान्तरण । पुस १८, २०७० । नयाँ पत्रिका, पृ.१ ।

[24] बीसी, गंगा । पुस १९, २०७० । पराजयको मुख्य जिम्मा दाहालले लिनुपर्छ : भट्टराई । कान्तिपुर, पृ. १ ।

[25] सापकोटा, रेवती । मलाई दलका नेता देउ, नत्र अध्यक्ष छाड । पुस २३, २०७० । अन्नपूर्ण पोष्ट, पृ.१ ।

अध्यक्ष दाहालले त्यसको प्रतिवाद गर्दै 'निर्वाचनमा पराजयको दोष अरुलाई थुपार्ने प्रवृतिले अवसरवादतिर लैजाने'[26] ठोकुवा गरे ।

दाहाल पक्षले विवादलाई केन्द्रीय कमिटीबाट टुंगो लगाउनुपर्नेमा जोड दिए । त्यसपछि अध्यक्ष दाहालले प्रतिवेदन तयार गरी पार्टी मुख्यालय र पूर्व पोलिटब्यूरो सदस्यहरुसँग छलफल चलाए । केन्द्रीय समितिको बैठकमा पनि यसबारे छलफल भयो । भट्टराईले पार्टीमा वैचारिक र सांगठनिक सत्ता एउटै व्यक्तिको हातमा भए निरङकुशता बढ्ने भन्दै शक्ति बाँडफाँडको माग गरे । त्यसको जवाफमा दाहालले 'बुर्जुवा नैतिकता देखाएर पार्टी नेतृत्व नछाडने'[27] जवाफ दिए । यसैबीच बाबुराम भट्टराईले 'नयाँ संविधान जारी नभएसम्म कुनैपनि पदमा नबस्ने घोषणा'[28] पनि गरे ।

काँग्रेसभित्र पनि समानुपातिकतर्फको सभासद छनोटको विषयलाई लिएर विवाद भयो । सभासद छनोट गर्दा पार्टीमा पुर्‍याएको योगदान, सिद्धान्त र नीतिलाई प्रस्तुत गर्न मापदण्ड बनाइएपनि सोही अनुसार छनोट नभएको नेताहरुको भनाइ थियो । काँग्रेसमा पार्टीभित्रको विवाद मिलाउन कोइराला र देउवा पक्षलाई संख्या नै भागवण्डा गरिएको थियो । समानुपातिकमा ९१ सिटमध्ये भागवण्डामा कोइरालाको पक्षमा ५५ र देउवाको पक्षमा ३६ सिट परेको थियो । उनीहरुले सिफारिस गर्दा पनि आफ्नो समूहको मात्र गरेका थिए । 'भागवण्डा लगाउँदा दुवै पक्षले आफ्नो समूहमा प्रतिवद्ध भएका, नाता पर्ने र आफ्नो निर्वाचन क्षेत्र र जिल्लाकालाई बढी च्यापे ।'[29]

## निष्कर्ष

राष्ट्रप्रमुख र सरकार प्रमुखबीचको शक्ति संघर्षले नेपाली राजनीतिमा नयाँ द्वन्द्व सिर्जना गर्‍यो । यी दुई संस्थाबीचको शक्ति संघर्ष तत्कालका लागि साम्य जस्तो देखिएपनि भित्रभित्र तुष रहेकाले यस्तो खालको शक्ति संघर्ष भविष्यमा हुन सक्ने संकेत देखियो । उता, संयुक्त सरकार गठन सहज रुपमा नभएपछि दलहरुले अवसर पाएपनि काम गर्न सक्दैनन् भन्ने सन्देश जनताबीच पुग्यो । त्यतिमात्र होइन, समानुपातिक सभासद् चयन प्रकृयालाई लिएर दलहरुमा विवाद भयो । दलहरु बलिया नभए लोकतन्त्र संस्थागत हुन सक्दैन र मुख्य मुद्दा पूरा गर्न कठिन हुन्छ भन्ने तथ्यलाई नेताहरुले आत्मसाथ गरेको देखिएन । मुख्य राजनीतिक दलहरुले संविधानसभाको पहिलो बैठकबाट स्वामित्व लिने भने पनि व्यवहारमा रुपान्तरण हुन नसक्दा संविधान निर्माण र राजनीतिक संस्कारमा समेत प्रश्न उठ्यो । संविधानसभाको

---

[26] पराजयको दोष थोपर्ने अवसरवादी । पुस २६, २०७० । कान्तिपुर, पृ. १ ।

[27] बीसी, गंगा । माघ ६, २०७० । दाहाल-भट्टराई वाक युद्धमा । कान्तिपुर, पृ. १ ।

[28] पद होइन संविधान । पुस २७, २०७० । अन्नपूर्ण पोष्ट, पृ. १ ।

[29] न्यौपाने, कुलचन्द्र । पुस १८, २०७० । काँग्रेसको छनोट 'अपारदर्शी' । कान्तिपुर, पृ १-८ ।

बैठक, सरकार र संविधान निर्माणमा देखा परेको विवादले नेपालको राजनीति सहज र प्रकृयागत रुपमा अघि बढन गाह्रो भएको सन्देश दियो ।

### *मुख्य राजनीतिक घटना*

**पुस १७** : संघीय समाजवादी पार्टी नेपालद्वारा संविधानसभा सदस्यहरुका लागि पार्टी अध्यक्ष अशोक राईसहित पाँच जनाको नाम निर्वाचन आयोगमा पेश ।

समानुपातिकतर्फका उम्मेदवार छनौटप्रति असन्तुष्टि जनाउँदै एमाओवादीका अध्यक्ष बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठद्वारा अध्यक्ष पुष्पकमल दाहाललाई संयुक्त रुपमा लिखत पत्र ।

**पुस १८**: सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक २०६९ मा उल्लेख भएका केही बुँदा कानूनसम्मत नदेखिएको भन्दै त्यसलाई परिमार्जन र संशोधन गर्न सर्वोच्च अदालतको आदेश ।

मधेशी जनअधिकार फोरम नेपालद्वारा समानुपातिकतर्फको सूची निर्वाचन आयोगमा पेश ।

निर्वाचन आयोगद्वारा संविधानसभाको अन्तिम परिणामबारे राष्ट्रपति रामवरण यादवलाई जानकारी ।

संविधानसभाको बैठक बोलाउने विषयमा राष्ट्रपति रामवरण यादवद्वारा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी, काँग्रेस सभापति सुशील कोइराला, एमाले अध्यक्ष झलनाथ खनाल, एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसँग छुट्टा-छुट्टै छलफल ।

**पुस १९**: पार्टी विभाजन गर्न खोजेको भन्दै राप्रपा नेपालद्वारा पाँच जनालाई केन्द्रीय सदस्यबाट निष्कासित ।

संविधानसभा बैठक बोलाउनेबारे छलफल गर्न राष्ट्रपति रामवरण यादवद्वारा राजनीतिक भेटघाट तीव्र । यसैक्रममा राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापा, मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार, तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुरसँग भेट ।

संविधानसभा अदालतद्वारा सोलुखुम्बुबाट विजयी काँग्रेस सभासद् बलबहादुर केसीको सपथ र मत परिणाम तत्काल रोक्न अस्वीकार ।

**पुस २०**: उच्चस्तरीय राजनीतिक समितिको बैठक । संविधानसभाको पहिलो बैठक बोलाउनेमा दलहरुबीच मतभेद । सर्वोच्च अदालतको निर्णय कुर्ने नेताहरुको भनाइ ।

संविधानसभाको पहिलो बैठक बोलाउनेबारे राष्ट्रपति रामवरण यादवद्वारा नेकपा मालेका महासचिव सिपी मैनाली, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी, नेकपा संयुक्तका अध्यक्ष चन्द्रदेव जोशी, मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव, तराई मधेश सदभावना पार्टीका अध्यक्ष महेन्द्रराय यादव लगायतसँग भेटघाट ।

**पुस २१:** निर्वाचनमा नेगेटिभ भोट गर्न पाइने गरी व्यवस्था गर्न सर्वोच्च अदालतद्वारा सरकारलाई निर्देशन ।

सरकार गठन र संविधानसभा बैठक बस्नेबारे काँग्रेस सभापति सुशील कोइराला र एमालेका वरिष्ठ नेता माधवकुमार नेपालबीच छलफल ।

एमाले र एमाओवादीका शिर्ष नेताबीच संविधानसभाको बैठक, राष्ट्रपतिको नयाँ निर्वाचन, सरकार गठन, संविधान निर्माण लगायतका विषयमा छलफल ।

**पुस २२:** राष्ट्रपति रामवरण यादवद्वारा संघीय समाजवादी पार्टीका अध्यक्ष अशोक राईसँग भेट । संविधानसभा बैठक बोलाउने लगायतका विषयमा छलफल ।

**पुस २३:** एमाओवादीका उपाध्यक्ष बाबुराम भट्टराइद्वारा षडयन्त्रको सिद्धान्त अस्वीकार गरेर आफूले उठाएका लोकतान्त्रिक मुद्दालाई विषयान्तर गर्न खोजेको आरोप ।

मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीविरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दाको पेशी नौ पटक सऱ्यो ।

राष्ट्रपति रामवरण यादवद्वारा संविधानसभामा रहेका दलहरुका लागि चियापान समारोह आयोजना । अन्तरिम संविधानको मर्म अनुसार सहमतीय सरकार गठन गरी मुलुकलाई स्थिरता दिन दलका नेताहरुलाई आग्रह ।

मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले संविधानसभाको बैठक आह्वान गर्नुपर्ने माग गर्दै दायर गरिएको रिटलाई सर्वोच्च अदालतका न्यायाधीश प्रकाश वस्तीको इजलासले विशेष इजलासमा पठायो ।

**पुस २४:** दलित जनजाति पार्टीका अध्यक्ष विश्वेन्द्र पासवानद्वारा मन्त्रिपरिषद्ले नियुक्ति गर्ने २६ जनामा प्रत्यक्षतर्फ निर्वाचन हारेका र राजनीतिक दलका सदस्य नियुक्ति नगरी विशिष्ट पहिचान भएका व्यक्तिको नियुक्तिको माग गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय सुशीला कार्की र प्रकाश वस्तीको संयुक्त इजलासद्वारा संविधानसभाको बैठक प्रधानमन्त्री कि राष्ट्रपतिले बोलाउने भन्ने दुई अलग-अलग रिटलाई एकसाथ राखेर सुनवाइ गर्ने फैसला ।

**पुस २५:** काँग्रेस सभापति सुशील कोइरालाद्वारा एक वर्षभित्र संविधान दिने जिम्मेवारी काँग्रेसको काँधमा भएको भन्दै त्यसका लागि तयार हुन सभासद् र केन्द्रीय सदस्यहरुलाई निर्देशन ।

संविधानसभाका सदस्यहरुको शपथसम्बन्धी अध्यादेश राष्ट्रपति रामवरण यादवद्वारा स्वीकृत ।

**पुस २७:** संविधासनसभाको पहिलो बैठक बोलाउनेबारे राष्ट्रपति र मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीबीच छलफल ।

बैठकबारे निर्णय गर्दा अन्तरिम संविधानको भावना र अन्तर्राष्ट्रिय मान्यता ख्याल गर्न राष्ट्रपतिको आग्रह ।

मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीद्वारा माघ ८ गतेका लागि संविधानसभाको बैठक आह्वान ।

एमाले स्थायी समितिको बैठक । पार्टीको नवौं महाधिवेशन आगामी बैशाख ९ गते राजधानीमा गर्ने निर्णय ।

**पुस ३०:** एमाओवादीको हेर्डक्वाटरको बैठक । अध्यक्ष पुष्पकमल दाहालले तयार पारेको राजनीतिक प्रतिवेदन परिमार्जन गर्न बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठको सुझाव ।

संविधानसभाको पहिलो बैठक राष्ट्रपति वा मन्त्रिपरिषद् अध्यक्षमध्ये कसले बोलाउने भन्ने विषयमा परेका दुई रिटको औचित्य समाप्त भएको भन्दै सर्वोच्च अदालतद्वारा खारेज ।

**माघ १:** मन्त्रिपरिषद्ले नियुक्त गर्ने २६ जनामा आफ्नो तर्फबाट प्रतिनिधित्व हुनुपर्ने माग गर्दै राष्ट्रिय अपाङ महासंघद्वारा दोस्रो चरणको आन्दोलन शुरु ।

आफ्नो प्रतिवेदनमा सहमति जुटाउनका लागि एमाओवादी अध्यक्ष पुष्पकमल दाहालद्वारा पार्टी मुख्यालय र पूर्वपोलिटब्यूरो सदस्यहरुसँग परामर्श ।

**माघ ३:** एमाओवादीको केन्द्रीय समितिको बैठक । अधिकांश सदस्यद्वारा गुटबन्दी अन्त्य गर्न दबाब ।

संसदीय दलको नेता चयनबारे काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा पक्षको बुढानिलकण्ठमा छुट्टै भेला । सभापति सुशील कोइरालाबाट सहमतिको लागि उपयुक्त प्रस्ताव नआए आफ्नो पक्षबाट चुनावी मैदानमा उत्रिने तयारी ।

**माघ ४:** संसदीय दलको नेता चनयका लागि काँग्रेसद्वारा पार्टी प्रवक्ता दिलेन्द्र बडुको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति चयन ।

**माघ ५:** राष्ट्रपति रामवरण यादवद्वारा संविधानसभामा रहेका प्रमुख दलका शिर्ष नेताहरुसँग भेट । संविधानसभाको पहिलो बैठक सञ्चालन, सरकार गठन र संविधान निर्माणका बारेमा छलफल ।

काँग्रेसद्वारा संविधानसभामा निर्वाचित सभासद्का लागि प्रशिक्षण कार्यक्रम । संविधान निर्माणमा प्रभावकारी भूमिका खेल्न निर्देशन ।

सरकारद्वारा व्यवस्थापिका संसदको बैठक माग १२ गते बोलाउन राष्ट्रपति समक्ष सिफारिस ।

**माघ ६:** राष्ट्रपति रामवरण यादवद्वारा संविधानसभाका ज्येष्ठ सदस्य सूर्यबहादुर थापालाई सपथ ।

**माघ ७:** संविधानसभा सदस्यहरुद्वारा संविधानसभाका ज्येष्ठ सदस्य सूर्यबहादुर थापाबाट सपथ ग्रहण ।

संविधानसभा अदालतद्वारा सप्तरी क्षेत्र नम्बर २ बाट संविधानसभामा निर्वाचित एमाओवादका सभासद् अशोककुमार मण्डललाई तत्काल संविधान सदस्यका हैसियतमा काम नगराउन अन्तरकालिन आदेश जारी ।

राप्रपा नेपालको संसदीय दलको बैठक । कमल थापालाई संसदीय दलको अध्यक्षमा चयन ।

**माघ ८:** संविधानसभाको पहिलो बैठक शुरु । जनआकांक्षाअनुसार राजनीतिक गति शुन्यता अन्त्य गरी मुलुकलाई निकास दिन आग्रह ।

गोलमेच सभाद्वारा राजनीतिक सहमतिका आधारमा नयाँ संविधान लेखिनुपर्ने भन्दै नेकपा माओवादी नेतृत्वको ३३ दलीय मोर्चाद्वारा संविधानसभा भवन बाहिर धर्ना ।

काँग्रेस संसदीय दलको नेता चयनका लागि माघ १२ गते निर्वाचन हुने ।

**माघ ९:** कृष्णप्रसाद अधिकारको हत्यामा संलग्नलाई कारवाहीको माग गर्दै आमरण अनसमा बसेका नन्दप्रसाद र गंगामाया अधिकारीर्ला अनसन त्याग्न सरकारको आग्रह ।

काँग्रेस संविधान निर्माण सुझाव समितिद्वारा एक वर्षभित्र संविधान निर्माण गर्न अघिल्लो संविधानसभामा भएका निर्णयको स्वामित्व लिँदै अघि बढ्न सुझाव ।

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन हुनुपर्ने मागसहित परेको रिट सर्वोच्च अदालतद्वारा खारेज ।

**माघ १०:** संविधानसभा अदालतमा निर्वाचनसम्बन्धी उजुरी पर्नेको संख्या २३ पुग्यो ।

**माघ ११:** काँग्रेस संसदीय दलको नेताका लागि सभापति सुशील कोइराला र वरिष्ठ नेता शेरबहादुर देउवाद्वारा मनोनयन दर्ता । कार्यबहाक सभापति पाउने भएपछि कोइरालालाई समर्थन गरेको उपसभापति रामचन्द्र पौडेलको भनाइ ।

**माघ १२:** व्यवस्थापिका संसदको पहिलो बैठक शुरु । निर्वाचनबाट संवैधानिक अड्चन खुलेकोमा मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीद्वारा खुशी व्यक्त । मुख्य दलका शिर्ष नेताहरुद्वारा एक वर्षमा संविधान जारी गर्ने प्रतिबद्धता ।

काँग्रेस संसदीय दलको नेतामा सभापति सुशील कोइराला निर्वाचित । कोइरालाको पक्षमा १ सय ५ र वरिष्ठ नेता शेरबहादुर देउवाको पक्षमा ८९ मत ।

**माघ १३:** आफ्नो नेतृत्वमा सरकार गठनका लागि सहयोग गर्न भन्दै काँग्रेसद्वारा एमालेलाई पत्र ।

**माघ १४:** एमाले स्थायी समितिको बैठक । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन हुनुपर्ने अडान कायमै । कांग्रेससँग सरकार गठनसम्बन्धी ठोस प्रस्ताव माग ।

सहमतीय सरकार गठनका लागि काँग्रेसद्वारा पहल शुरु । संविधानसभामा रहेका दलहरुसँग परामर्श ।

पार्टीभित्रको विवाद, सांगठनीक समस्याा, आगामी कार्यनीतिलगायतका विषयमा छलफल गर्न राष्ट्रिय सम्मेलन गर्नुपर्नेमा एमाओवादी नेताहरुको जोड ।

**माघ १५:** संविधानसभाको दोस्रो बैठक । दलहरुबीच सहमति हुन नसक्दा अघिल्लो संविधानसभामा भएका सहमतिको स्वामित्व लिने प्रस्ताव पेश गर्ने प्रयास असफल ।

शक्ति बाँडफाँटबारे एमालेमा देखिएको विवादका कारण स्थायी समिति बैठक बस्न सकेन ।

कर्तव्य मुद्दामा महोत्तरी जिल्ला अदालतले वारेण्ट जारी गरेका एमाओवादीका समानुपातिक तर्फका सभासद् लालेन्द्रकुमार मण्डललाई १५ दिनभित्र हाजिर हुन सर्वोच्च अदालतद्वारा आदेश ।

**माघ १६:** एमाले स्थायी समितिको बैठक । संसदीय दलको नेता चयनबारे छलफल गर्न माघ २० गते केन्द्रीय कमिटीको बैठक बोलाउने निर्णय । सरकार गठन लगायतका विषयमा काँग्रेससँग छलफल गर्न उपाध्यक्ष वामदेव गौतम र सचिव विष्णु पौडेललाई जिम्मेवारी ।

नेकपा माओवादीको पोलिटब्यूरो बैठक । हेटौडा महाधिवेशनले तय गरेको नीति त्यागेर पार्टी एकतामा आउन एमाओवादीलाई आग्रह ।